“तिमीहरू सबै जिम्मेवार हौ र प्रत्येकलाई उस्को जिम्मेवारीबारे सोधिनेछ ।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “तिमीहरू सबै जिम्मेवार हौ र प्रत्येकलाई उस्को जिम्मेवारीबारे सोधिनेछ । त्यसैले जनताको हाकिम जिम्मेवार हो र उसलाई आफ्नो प्रजाबारे सोधिनेछ । पुरुष आफ्नो घरपरिवारको जिम्मेवार हो र उसलाई आफ्नो मातहतको बारेमा सोधिनेछ । महिला आफ्नो पतिको घर र छोराछोरीको जिम्मेवार हो र उसलाई तिनीहरूको बारेमा सोधिनेछ । दास आफ्नो मालिकको सम्पत्तिको जिम्मेवार हो र उसलाई
उसको बारेमा सोधिनेछ । सुन, तिमीहरु प्रत्येक व्यक्ति जिम्मेवार छौ र तिमीहरूलाई
आफ्नो प्रजाको बारेमा सोधिनेछ ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, समाजमा बस्ने प्रत्येक मुस्लिमको केही जिम्मेवारी हुन्छ, जुन उसले वहन गर्नुपर्छ । इमाम र हाकिम आफ्नो प्रजाका जिम्मेवार हुन् । अतः उनले उनीहरूको हकको हिफाजत गर्नुपर्छ, उनीहरूलाई अत्याचार गर्नेहरूबाट जोगाउनुपर्छ, तिनीहरूको शत्रुसँग लड्नुपर्छ र तिनीहरूको अधिकारलाई खेर फाल्नु हुँदैन । पुरुषलाई आफ्नो घरपरिवारलाई पालनपोषण गर्ने, उनीहरूसँग राम्रो व्यवहार गर्ने, उनीहरूलाई शिक्षा दिने र उनीहरूलाई अनुशासन दिने जिम्मेवारी दिइएको छ । नारीलाई आफ्नो पतिको घरको उचित व्यवस्थापन, छोराछोरीको तरबीयत (उच्च संस्कार) र हेरचाह गर्ने जिम्मेवारी दिइएको छ । दास र नोकरलाई आफ्नो मालिकको सम्पत्तिको संरक्षण गर्ने र त्यसको हिफाजत गर्ने जिम्मेवारी दिइएको छ । प्रत्येक व्यक्ति आफूलाई सुम्पिएको कुराको जिम्मेवार हुन् र सबैलाई आफ्नो जिम्मेवारीप्रति सोधिनेछ ।

https://sunnah.global/hadeeth/ne/show/5819